नेपाल सरकार
कृषि विकास मन्त्रालय

# पशु सेवा विभाग

हरिहरभवन, ललितपुर

**<u>सिलबन्दी दरभाउ पत्र आह्वान सम्बन्धी सूचना</u>**

## प्रथम पटक प्रकाशित मिति २०७२।०३।०६

यस विभागका कर्मचारीहरुलाई आ ब २०७२।७३ मा कार्यालय खुलेको दिन कार्यालयमा ल्याउन र कार्यालयबाट लैजान बस भाडामा लिनु पर्ने भएकोले निम्न शर्तको आधारमा बस भाडाको लागि दरभाउपत्र आह्वान गरिएको छ ।

**<u>बस भाडामा संचालन गर्नका लागि सिलवन्दी दरभाउ पत्र दर्ता गर्दा पुऱ्याउनु पर्ने रीत र शर्तहरुः</u>**

1= सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयमा रु. ३०० नगदै तिरी (फिर्ता नहुने) सिलवन्दी दरभाउ पत्र खरिद गर्न सकिने र १६ औं दिनको १२ बजेसम्म दर्ता गरी सोही दिनको १ बजे खोलिनेछ ।

2= दरभाउ पत्र दाताको १ (एक) बस /मिनि बस २५ सिट भन्दा बढी क्षमता भएको हुनुपर्नेछ ।

3= सिलवन्दी दरभाउपत्र दर्ता गर्ने दरभाउ दाता नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको फर्म वा व्यक्तिले सो सम्बन्धी कागजातहरु समेत कोष तथा लेखा नियन्त्रक कार्यालय ललितपुरको नाममा ने.बैं.लि. गाबहाल स्थित धरौटी खाता नं. १८०-५१०१६८५६ मा रु २०,०००।०० (बिस हजार मात्र) धरौटी रकम जम्मा गरेको सक्कल भौचर वा नेपाल सरकारको मान्यता प्राप्त क श्रेणीको वाणिज्य बैकले जारी गरेको ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी(बिड बण्ड) पेश गर्नु पर्ने छ ।

4= दरभाउ पत्र दाताले दरभाउ पत्रको प्रत्येक पानामा दस्तखत गरी आफ्नो फर्मको छाप लगाएको हुनुपर्नेछ ।

5= दरभाउ पत्र भर्दा अंक र अक्षर दुवैमा भर्नुपर्ने छ । अंक र अक्षरको रकम फरक परेमा अक्षर मा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

6= म्याद नाघी रीत नपुगी वा कुनै शर्त उल्लेख गरिएको दरभाउ पत्र उपर कारवाही हुनेछैन ।

7= दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार विभागमा सुरक्षित रहनेछ ।

8= दरभाउ पत्र दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिन सोही स्थान र समयमा हुनेछ ।

9= सिलवन्दी दरभाउपत्र स्वीकृत भएमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३(२)(ढ१) बमोजिमको कम्तीमा १३ महिना अवधि भएको कार्य सम्पादन जमानत परफरमेन्सबण्ड सम्झौता गर्नु अघि विभागमा पेश गर्नु पर्नेछ ।

10= स्वीकृत दरभाउ पत्र दाताले बस संचालन गर्दा बस बिग्रेमा तुरुन्त अर्को व्यवस्था गर्नु पर्नेछ ।

11= बस संचाल विधि (रुट) निर्धारण सम्बन्धमा विभाग र दरभाउपत्र दाता बिच हुने सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ र आवश्यकता अनुसार परिवर्तन पनि हुन सक्नेछ ।

12= सवारी साधनको लागि आवश्यक इन्धन/लुब्रिकेण्ट आदिको व्यवस्था सवारी धनीले नै गर्नु पर्नेछ ।

13= सवारी साधनको मर्मत खर्च तथा चालक र सहयोगीको पारिश्रमिक लगायतका सबै खर्च सवारी धनीले नै व्यहोर्नु पर्नेछ ।

14= सवारी साधन संचालनको समयमा भएको सवारी साधनको टुटफुट तथा सबै प्रकारको क्षति वापत विभागले कुनै पनि दायित्व बहन गर्ने छैन ।

15= सार्वजनिक बिदाका दिन बाहेक कार्यालय खुलेका दिनमा मात्र सवारी संचालन हुने छ ।

16= सवारीको भाडा भुक्तानी गर्दा प्रचलित नियमानुसार लाग्ने कर कट्टी गरी दरभाउ पत्र दाता र विभाग बिच भएको सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

17= यस सम्बन्धमा प्रकाशित सूचना र माथि उल्लेखित शर्तहरु लागू हुनेछन् । अन्यको हकमा नेपाल सरकारको प्रचलित कानुन अनुसार हुनेछ ।